मिति २०७४।०५।१७ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित भएको सूचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय,

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७४/०७५ मा प्रमाणपत्र/डिप्लोमा तहको विभिन्न शैक्षिक कार्यक्रममा वर्गिकृत (निःशुल्क) छात्रवृत्तिको अध्ययन गर्ने शिक्षण संस्था सिफारिश गरिएको एवं भर्ना हुन जाने बारेको अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०७४।०५।१७)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् प.नि.का. बाट मिति २०७४।०४।१४ गते संचालित प्रवेश परीक्षामा सामेल भई मिति २०७४।०४।३० गते प्रकाशित सूचना बमोजिम निवेदन दिने प्रमाणपत्र/डिप्लोमा तहको विभिन्न शैक्षिक कार्यक्रमका परीक्षार्थीहरुलाई æडिप्लोमा तथा प्रमाण-पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४ बमोजिम परिषद्बाट संचालन सम्बन्धन स्वीकृती प्राप्त शिक्षण संस्थाहरुमा निर्धारण गरिएका कोटाहरुमा छात्रवृत्तिमा सिफारीस गरीएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ। सिफारिश गरिएको शिक्षण संस्था तथा परीक्षार्थीहरुको विवरण परिषद्को वेव साइट www.ctevt.org.np मा प्रकाशित गरिएको छ। सिफारिश भएका परीक्षार्थीहरु तोकिएको शिक्षण संस्थामा परिषद्को वेव साइट www.ctevt.org.np बाट नतिजा डाउनलोड गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७४।०६।०१) भित्र भर्ना भई सक्नु पर्ने भएकोले उल्लेखित म्याद भित्र भर्ना निर्देशिका २०७४ मा उल्लेख भए बमोजिमका सक्कल कागजातहरु (शैक्षिक प्रमाणपत्रहरु, प्रवेश परीक्षा प्रवेशपत्र र आफ्नो वर्ग खुल्ने प्रमाणपत्रको सक्कल) लिई तोकिएको शिक्षण संस्थामा भर्ना हुन जानु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

छात्रवृत्तिमा भर्नाका लागि तोकिएका शिक्षण संस्थाहरुले यसै सूचनालाई आधारमानी परिषद्को वेव साइट www.ctevt.org.np मा प्रकाशित विवरण अनुसारका आफ्नो शिक्षण संस्थामा सिफारिस भएका परीक्षार्थीहरुको शैक्षिक कार्यक्रम अनुसारको शैक्षिक योग्यता तथा आवश्यक कागजातहरु रुजु गर्ने जिम्मेवारी सम्बन्धित शिक्षण संस्थाको प्राचार्यको हुने हुंदा सो रुजु गरी तोकिएको म्याद भित्र परीक्षार्थीबाट कुनै पनि शुल्क नलिई भर्ना गराउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ। उल्लेखित म्याद भित्र परीक्षार्थी भर्ना हुन नआई कोटा रिक्त रहन आएमा उक्त कोटामा डिप्लोमा तथा प्रमाण-पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४, बमोजिम वैकल्पिक सूचीमा रहेका परीक्षार्थीहरु लाई भर्ना गर्नुपर्ने प्रावधान रहेकोले सम्बन्धित शिक्षण संस्थाले रिक्त रहेको कार्यक्रमको परीक्षार्थीको नामथर र लक्षित वर्ग समेत उल्लेख गरी परिषद्, प.नि.का. लाई अनिवार्य रुपमा ३ दिन भित्र (फ्याक्स वा इमेलमा पत्र स्क्यान गरी) लिखित जानकारी गराउनु हुन यसै सूचनाद्वारा सूचित गराइन्छ। तोकिएको मिति भित्र सम्बन्धित शिक्षण संस्थाले छात्रवृत्ति सम्बन्धि विवरणको जानकारी पेस नगरेमा भर्ना सम्बन्धी निर्देशिका २०७४ को बुंदा नं. ७.१.५ र ७.१.६ बमोजिम भैजाने व्यहोरा समेत सूचित गरीन्छ।

साथै डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीषा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४ को बुंदा नं. ४ (घ) बमोजिम एस.ई.ई.को स्तरोन्नती परीक्षामा समावेश भई यस छात्रवृत्तिको प्रवेश परीषामा मुख्य परीक्षार्थीको रुपमा सिफारिश भएका परीक्षार्थीहरुको भर्नाको सम्बन्धमा उक्त बुंदामा जुनसुकै कुरा लेखिएता पनि एस.ई.ई.को स्तरोन्नती परीक्षामा समावेश भई विभिन्न शैक्षिक कार्यक्रममा भर्नाको लागि मुख्य परीक्षार्थीको रुपमा सिफारिश भएका परीक्षार्थीहरुलाई एस.ई.ई. को नतिजामा आवश्यक न्यूनतम शैक्षिक योग्यता प्राप्त नगरेमा भर्ना स्वतः रद्ध हुने सर्तमा परीक्षार्थीसंग कबुलियत गराई इच्छुक परीक्षार्थीहरुलाई अनिवार्यरुपमा भर्ना गराउने निर्णय भएकोले सोही बमोजिम अनिवार्यरुपमा भर्ना गर्नु गराउनु हुन सम्बन्धित शिक्षण संस्था, परीक्षार्थी एवं अभिभावकहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

फ्याक्स ०१-६६३०४६१, इमेलः oce.ctevt@gmail.com
परीक्षा नियन्त्रक